# मूल्य अभिबृद्धि कर ऐन २०५२ मा संशोधन

| क्रसं | ऐनको सम्वन्धित दफा/ उपदफा | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | दफा १०ख१. मा संशोधन | १०ख१. विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा बीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।<br>(२) विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।<br>(३) उपदफा (१) बमोजिम दर्ता भएका विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ। | १०ख१. गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा तीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवा वा अफलाइन हवाई यातायात सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।<br>(३) उपदफा (१) बमोजिम दर्ता भएको गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ। |
| २ | दफा ११ को उपदफा (१) को देहाय (च) | (च) विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोबारको र सेवाको हकमा बीस लाख रुपैयाँ करयोग्य कारोबार नपुगेको करदाता भएमा, | (च) विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोबारको र सेवाको हकमा तीस लाख रुपैयाँ करयोग्य कारोबार नपुगेको करदाता भएमा, |
| ३ | दफा १८ को उपदफा (२) पछि उपदफा (३) थप गर्ने | नभएको। | ३) यस दफा बमोजिम कर विवरण बुझाउनु पर्ने करदाताले कर विवरण बुझाउनु पर्ने मिति समाप्त भएको चार महिनासम्म नबुझाएमा कर अधिकृतले त्यस्तो करदाताको आयात वा निर्यात रोक्का गर्न सक्नेछ। |
| ४ | दफा २० को उपदफा (१) को खण्ड (ञ) | (ञ) दफा ८ को उपदफा (२) वा (३) बमोजिम कर दाखिला नगरेमा, | (ञ) दफा ८ को उपदफा (२), (२क) वा (३) बमोजिम कर दाखिला नगरेमा, |
| ५ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा रहेका "निकासी" भन्ने शब्दहरु | मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा रहेका "निकासी" भन्ने शब्दहरुको सट्टामा "निर्यात" भन्ने शब्दहरु राख्ने। |